# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

ण्ड ६१) काठमाडौं, जेठ ९ गते २०६८ साल(अतिरिक्ताङ्क ४(अ)


## भाग ५

### निर्वाचन आयोगको सूचना

यस आयोगबाट स्वीकृत रणनीतिक योजना, २०६५ बमोजिम निर्वाचन प्रक्रियालाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय तुल्याउने उद्देश्यले नेपाल राज्यका सबै जिल्लामा फोटो सहितको मतदाता नामावली संकलन कार्य भईरहेको छ । यसै सिलसिलामा मतदाता नामावली संकलन कार्यमा केही राजनीतिक दल वा समूहको नामबाट अवरोध सृजना गरी संकलन कार्यमा खटिएका कर्मचारीलाई डर, धम्की दिने, संकलन सामग्री खोस्ने र तोडफोड गर्ने, जिल्ला निर्वाचन कार्यालयमा तालाबन्दी गर्ने र नामावली संकलन कार्यमा अवरोध खडा गर्ने जस्ता अवाञ्छित कार्यहरू भईरहेको भन्ने जानकारी प्राप्त हुन आएको छ । मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३४ ले मतदाता नामावली तयार गर्ने सिलसिलामा खटिएका कर्मचारीलाई कसैले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गराउनबाट विचलित गराएमा सजाय हुने व्यवस्था गरेको हुँदा सोही ऐनको दफा ४६ ले दिएको अधिकार प्रयोग गरी यस आयोगले कसैले पनि त्यस्तो कार्य नगर्न नगराउनु हुन यो आदेश जारी गरेको छ ।

आज्ञाले,<br>
किशोर थापा<br>
सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित मूल्य रू. ५।-

गो.हु.ब.नं. १६।२०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं, जेठ १२ गते २०६८ साल (अतिरिक्ताङ्क ४(क)


## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनाल समक्ष मौजुदा मन्त्रिपरिषद्का कृषि तथा सहकारी राज्यमन्त्री नन्दनकुमार दत्तले पदबाट राजीनामा दिनु भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (८) को खण्ड (क) बमोजिम उहाँ राज्यमन्त्री पदबाट पदमुक्त हुनु भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,  
माधवप्रसाद घिमिरे  
मुख्य सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

गो.दृ.द.नं. १६।०६२।६३


९९३


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।